निर्णयः

प्रस्ताव नं १ माथि छलफल गर्दा

१. मिति २०८३।४।१८ बाँके जिल्ला जानकी गाउँपालिका वडा नं. २ बस्ने बलराम घरोखको निवेदन सम्बन्धमाः-

घरुक जाति अन्तर्गत पर्ने थरहरुः घरोख, घरोक, घरुक, सिंह लाई मधेशी समुदायको थर सूचिकरण प्रतिवेदनमा समावेश गर्ने

२. यशोधरा गाउँपालिकाको ५ नं. वडा कार्यालय बैदौली, कपिलवस्तुको च.नं. ५७५, प.सं. २०८१।८२, मिति २०८१।१०।१८ को सिफारिस पत्रको आधारमा यशोधरा गाउँपालिका -५, विमान्सु भट्टले मधेशी आयोगमा मिति २०८१।९।१७ गतेको निवेदनको सम्बन्धमाः-

मधेशी समुदायको थर सूचिकरण अध्ययन प्रतिवेदन २०७८ को क्रम संख्या ९६ को ब्राह्मण जातका थरहरुमा भट्ट र दशौंधिलाई समावेश गर्ने ।

३. मिति २०८२।४।१५ मा कसेरा समाज नेपालबाट "कसेरा" जातिको जात र थर थपघट साथै सच्याई पाऊ भन्ने विषयक निवेदनको सम्बन्धमाः-

मधेशी समुदायको थर सूचिकरण अध्ययन प्रतिवेदन २०७८ को क्रम संख्या ५ मा कंसाकार(कसेरा) जातका थरहरुः कंसाकार, साह, शाह, गुप्ता, तिरहुत, तमेरा, ठटेरा, पचमाहा थप समावेश गर्ने ।

४. मिति २०८१।१०।१० मा प्रभात कुमार ओझा, ठेगाना कलंकी-१०, काठमाडौबाट प्राप्त निवेदनको सम्बन्धमाः-

मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन २०७८ को सि.नं. १०७ मा भूमिहार जातिमा ओझा समावेश भैसकेको हुँदा निवेदनमा थप कारवाही गर्नु नपर्ने ।